**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

**सामान्य सेवा विभाग**

बालुवाटार, काठमाण्डौंको

**केन्द्रीय कार्यालय, बालुवाटारमा बगैचा सम्बन्धी कार्य नीजिक्षेत्रबाट संचालन गराउने बारे द्वयखाम प्रणाली अन्तर्गत सिलबन्दी बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०६४।११।५ )

यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटारमा **बगैचा सम्बन्धी कार्य** निजी क्षेत्रबाट संचालन गराउनु पर्ने भएकोले उक्त व्यवसाय गर्न ईजाजत प्राप्त इच्छुक रजिष्टर्ड फर्म/कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

(१) बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिन (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटार तथा बैकिङ्ग कार्यालय थापाथलीबाट रु.१०००।०० (रु. एक हजार मात्र) तिरी (पछि फिर्ता नहुने गरी) खरीद गर्न सकिनेछ ।

(२) बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को दिनको १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा दाखिला भई सक्नु पर्नेछ ।

(३) बोलपत्रको प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलवन्दी गरी उक्त दुवै सिलवन्दी खामलाई पुनः अर्को खामभित्र राखी सिलछाप लगाई बैंकमा पेश गर्नु पर्नेछ ।

(४) बोलपत्र फारामको आर्थिक प्रस्ताव साथ विडवण्ड वापत आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हूने रकम यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगद जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम दिनले न्युनतम ९० दिन अवधि भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

(५) प्राप्त बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को अपरान्ह ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिनेछ ।

(६) बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

(७) बोलपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको कालो सुचीमा नपरेको हुनु पर्ने छ ।

(८) बोलपत्रको सूचना यस बैंकको वेभ साइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

(९) यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क राख्न सकिनेछ ।

नोटः मिति २०६४।९।२४ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार प्राप्त भएका बोलपत्रहरु रद्द भएकोले बोलपत्रसाथ पेश भएको आर्थिक प्रस्ताव नखोलिकनै फिर्ता गरिने हुंदा सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।